कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
(सामाजिक विकास शाखा)
५ नं. प्रदेश, नेपाल

प.सं.: ०७५/०७६
च.नं.

फोन नं.:-०८१-५४०००९

## शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना ।
## सूचना प्रकाशन मिति २०७६/१०/१० गते

यस कोहलपुर नगरपालिकाको पाँचौ नगरसभा बाट आ.व. २०७६/०७७ का लागि पारित बजेट कार्यक्रम अन्तर्गत लोकसेवा र शिक्षक सेवा तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेकोले तयारी कक्षा सञ्चालन गर्ने उद्येश्यका साथ दर्ता भइ नियमित कार्यक्रम सञ्चालन गरिरहेका इच्छुक संस्थाले सूचना जारी भएको मितिले १५ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव सहितको निवेदन यस कार्यालयको सामाजिक विकास शाखामा पेश गर्नुहुन यो सूचना जारी गरिएको छ ।

### शर्तहरु

१. सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रको कार्यालय समय भित्र पेश भएका निवेदन मात्र स्वीकार गरिने छ।

२. आर्थिक प्रस्ताव रु ६,५०,०००/ (अक्षरुपी छ लाख पचास हजार मात्र) बाट नबढ्ने गरी हुनु पर्नेछ।

३. यस कार्यालयबाट लिखित सिफारिस गरिएका विद्यार्थीहरुलाई मात्र प्रथम पत्रको परीक्षा लिइ योग्यताक्रम अनुरुप तोकिएको संख्याका विद्यार्थीहरुलाई मात्र पढाउनु पर्ने छ।

४. आर्थिक प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा कर सहित वा कर बाहेकको रकम खुलाई पेश गर्नु पर्नेछ।

५. यस नगरपालिकाका हरेक वडा बाट सिफारिस भै आएका मध्ये स्वीकृत पाठयक्रमको प्रथम पत्र (सामान्य ज्ञान र वौद्धिक परिक्षण) को परीक्षा लिइ उत्तिर्ण भएका जम्मा ४५ जना खरिदार-ना.सु. (लोकसेवा) र ४५ शिक्षक सेवा तयारी गर्ने प्रशिक्षार्थी/विद्यार्थीहरुलाई अध्यापन गराउनु पर्ने छ।

६. लोकसेवा आयोगले स्वीकृत गरेको खरिदार र ना.सु.को पाठ्यक्रम र शिक्षक सेवा आयोगले स्वीकृत पाठ्यक्रम बमोजिम कक्षा (Course complete) लिनु पर्ने छ।

७. प्रस्ताव मूल्याङ्कन सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानूनको परिधि भित्र रही गरिने छ।

८. सम्बन्धित विषयमा गरे/भएको अनुभव तथा कार्यक्रम समेत पेश गर्नु पर्ने छ।

९. कुनैपनि शर्त राखि पेश भएका निवेदन स्वीकार गरिने छैन।

१०. अध्यापन गराउने विषय विशेषज्ञको आधिकारीक परिचय खुल्ने विवरण समेत पेश गर्नु पर्ने छ।

११. कोहलपुर नगरपालिकामा नियमानुसार व्यवसाय दर्ता भएका स्थानीय संस्थालाई प्राथमिकता दिइने छ।

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत